नगर कार्यपालिकाको
बैठक संख्या: ४०, २०७९-२०८४
मिति २०८०/१२/२२ को
निर्णय प्रमाणित ..............

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ४०, २०७९-२०८४)

मिति : २०८० चैत्र २२ गते

निर्णयहरु:

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. कोहलपुर नगरपालिका एवं मातहत सञ्चालन हुने विभिन्न बहुवर्षीय आयोजनाहरुको समुचित व्यवस्थापन गर्न र स्रोतको व्यवस्थापनलाई व्यवहारिक बनाउन कोहलपुर नगरपालिकाको स्थानीय आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८० मा प्राप्त राय सुझाव समेटी स्वीकृत गर्ने । देहायका योजनाहरुलाई बहुवर्षीय आयोजनाका रुपमा स्वीकृत गरी खरिद प्रकृया अघि बढाउने ।

क. कभर्डहल निर्माण, कोहलपुर १४
ख. वडा नं ८ सरस्वती चोकदेखि पिपरी चोकसम्मको सडक स्तरोन्नती
ग. समाधिस्थल निर्माण, कोहलपुर ११ – भौतिक पूर्वाधार खरिद तथा निर्माण
घ. १३ विघामा फुटबल प्यारापिट निर्माण

३. कोहलपुर नगरपालिकामा रहेको नयाँ बसपार्क एवं कोहलपुर भ्यु टावर सञ्चालन व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने

क. कोहलपुर नगरपालिका भित्र रहेको लामो दुरीको नयाँ बसपार्क सञ्चालनमा आइसकेतापनि टर्मिनल भवन लगायत केही संरचना भाडामा लगाउन ६ पटकसम्म सूचना आव्हान गर्दा समेत कुनै प्रस्ताव पेश हुन नआएको, चौधौं नगरसभामा समेत सोही विषयमा छलफल हुँदा कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्ने गरी अधिकार प्रत्यायोजन भएको अवस्था रहेकोले बसपार्क व्यवस्थापन समितिले विभिन्न सरोकारवाला पक्षहरुसँगको छलफल गरी सुझाव सहित पेश गरेको निर्णय अनुमोदन गरी नयाँ बसपार्कको टर्मिनल भवन ठेक्कालाई विभिन्न प्याकेज बनाई बोलपत्र आव्हान गर्ने ।

ख. कोहलपुर नगरपालिकामा वडा नं. ११ स्थित गोलपार्कमा रहेको भ्यु टावर सञ्चालनका लागि विभिन्न सरोकारवाला पक्षहरुसँग छलफल गरी सञ्चालन/ ठेक्का व्यवस्थापनका लागि सुझाव सहितको प्रतिवेदन ७(सात) दिनभित्र कार्यपालिकामा पेश गर्ने गरी तपसिल बमोजिमको समिति गठन गर्ने । आवश्यकता अनुसार उक्त समितिमा बिज्ञ, पदाधिकारी र कर्मचारीलाई आमन्त्रण गर्न सकिने ।

तपसिल

| | |
|---|---|
| क. श्री कल्पना शर्मा, वडा अध्यक्ष वडा नं. ११ | - संयोजक |
| ख. श्री अनिता बुढा क्षेत्री, आर्थिक विकास समिति संयोजक | - सदस्य |
| ग. श्री ईश्वरी प्रसाद विश्वकर्मा, सामाजिक विकास समिति संयोजक | - सदस्य |
| घ. श्री प्रविन बस्नेत, इन्जिनियर, पूर्वाधार तथा वातावरण शाखा | - सदस्य |
| ङ. श्री शुसीला थापा, अधिकृत छैठौं, राजस्व उपशाखा | - सदस्य सचिव |

धौलकराज ढकाल
प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४०, २०७९-२०८४
मिति २०८०/१२/२२ को
निर्णय प्रमाणित ..............

४. यस नगरपालिका अन्तर्गत सञ्चालित नगरपालिकाको प्रशासनिक भवन निर्माण तथा कोहलपुर रिङरोड निर्माण योजनाको भुक्तानीका लागि पेश भएकोमा नेपाल सरकारबाट उल्लेखित शीर्षकमा विनियोजन भएको रकम निकासा प्राप्त भै नसकेको कारण उल्लेखित योजनाहरुको भुक्तानी हाल सम्पुरक कोषबाट दिने र सम्बन्धित योजना शीर्षकमा रकम प्राप्त भएपछि शोधभर्ना गर्ने ।

५. क) कोहलपुर वाङ्मय प्रतिष्ठान ऐन, २०८० को दफा ५(१) बमोजिम देहायका व्यक्तिहरुलाई बाङ्मय सभाका सदस्यमा मनोनयन गर्ने ।

क) एकराज शर्मा, कोहलपुर १२
ख) पुष्कर रिजाल, कोहलपुर ११
ग) विशाखर जैसी, कोहलपुर ८
घ) काशिराज अधिकारी, कोहलपुर १०
ङ) बद्री ढकाल, कोहलपुर ५
च) सुनिल कुमार ढकाल, कोहलपुर १२
छ) देवेन्द्र आचार्य, कोहलपुर २
ज) मणिप्रसाद गैरे, कोहलपुर ११
झ) सन्तोषी बिष्ट, कोहलपुर ११
ञ) बिक्रम शिशिर, कोहलपुर ५

ख) यस अघि गठित कोहलपुर नगर कार्यपालिकाको मिति २०८०/०८/०९ गतेको निर्णयानुसार कोहलपुर वाङ्मय प्रतिष्ठान ऐन २०८० को दफा ६.१ अनुसार श्री केशव सिग्देलको अध्यक्षतामा रहने गरी गठित वाङ्मय परिषदमा नियुक्त भएका पदाधिकारी एवं सदस्यहरु देहाय बमोजिम रहने गरी तोक्ने,

| | |
|---|---|
| उपाध्यक्ष | श्री सुमित्रा न्यौपाने |
| सदस्य सचिव | श्री अञ्जु न्यौपाने |
| सदस्य | श्री हिमलाल गैरे(सागर गैरे) |
| सदस्य | श्री खोपिराम वली |
| सदस्य | श्री विरेन्द्र सिंह |
| सदस्य | श्री शेखर दहित |
| सदस्य | श्री रामसहाय प्रेमी |
| सदस्य | श्री मायाराम काफ्ले (उत्सव काफ्ले) |

६. कोहलपुर नगरपालिका वडा नं १ को चालु आ.व. २०८०/०८१ को बजेट शीर्षक नं १७६ को अभिभावक शिक्षा कार्यक्रमकमा विनियोजन भएको रकमबाट अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी बाँकी रहेको रकम रु १ लाख ८ हजार रुपैयाँबाट वडा समितिको मिति २०८०/१२/२१ गतेको निर्णयानुसार स्थानीय तहमा सुशासन कायम गर्न मेलमिलाप सम्बन्धी वडा स्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने अनुमती प्रदान गर्ने ।

७. कोहलपुर नगरपालिका वडा नं १५ को चालु आ.व. २०८०/०८१ को बजेट शीर्षक नं ४२३ आर्थिक विकासका कार्यक्रम अन्तर्गत अभिभावकहरुलाई शीर्षक तर्फ सचेतना मूलक कार्यक्रममा विनियोजन भएको



धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४०, २०७९-२०८४
मिति २०८०/१२/२२ को
निर्णय प्रमाणित ............

रकमबाट कार्यक्रम सञ्चालन गरी बाँकी रहन आएको रकम रु.५१ हजारबाट मानव अधिकार शिक्षा सम्बन्धी एकदिने सेमिनार गोष्ठी कार्यक्रम सञ्चालन गर्ने अनुमती प्रदान गर्ने ।

८. कोहलपुर नगरपालिका अन्तर्गत सञ्चालित देहायका शीर्षकमा रहेका रकमको क्रियाकलापगत बाँडफाँड गरी नसकेको कारण कार्यपालिकाबाट अनुमोदन हुने गरी निर्णय भएका देहायका भुक्तानीको स्वीकृति तथा अनुमोदन गर्ने निर्णय गरियो ।

| सि नं | विनियोजित शीर्षक | भुक्तानी गरिएको प्रयोजन | भुक्तानी गरिएको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वाङ्मय प्रतिष्ठान व्यवस्थापन तथा कला साहित्य प्रोत्साहन कार्यक्रम | लुम्बिनी प्रदेश आख्यान महोत्सव मनाउन पूर्णिमा साहित्य प्रतिष्ठानलाई भुक्तानी | १ लाख | |
| २ | नगरपालिका स्थापना दिवस तथा अन्य दिवसिय कार्यक्रम | तमु ल्होसार | १ लाख | |
| ३ | भैपरी आउने चालु खर्च | का.पा.को मिति २०८०/११/१५ गतेको निर्णयानुसार डिलाइसेन्स फुटबल प्रशिक्षण कार्यक्रम | १ लाख ५० हजार | |
| ४ | लागु औषध दुर्व्यशन रोकथाम तथा नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम | विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालनका लागि गन्धर्व समुदायका लागि सहयोग | ५० हजार | |

९. कोहलपुर नगरपालिका र बिल्ड अन नेपालको लागत साझेदारीमा नेपाल राष्ट्रिय आधारभुत विद्यालय, कोहलपुर ७ लखनवार, बाँकेको भौतिक पुर्वाधार विकास अन्तर्गत ३(तीन) कोठे पक्की भवन र २(दुई) कोठे प्लम्बिङ् सहितको पक्की शौचालय निर्माणका लागि कोहलपुर नगरपालिकाको तर्फबाट रु.९,००,०००।(नौ लाख) समपुरक कोषबाट उपलब्ध गराउने र त्रिपक्षीय सम्झौताका लागि स्वीकृति प्रदान गर्ने साथै विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम पुरानो भवन भत्काउनका लागि अनुमती समेत माग भई आएको हुँदा भत्काउने अनुमती दिने ।

१०. कोहलपुर नगरपालिकाको वडा नं. १२ र १३ हेर्ने अस्थायी प्रहरी बिटका लागि घरभाडा सम्झौता गरी चालु आ.ब. २०८०/०८१ को घरभाडा भुक्तानी दिने भनी कार्यपालिकाको मिति २०८०/०७/१९ गतेको निर्णय एवं सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र समेत प्राप्त भएकाले उक्त अस्थायी प्रहरी बिटका लागि २०८० साल साउन १ गतेदेखि लागु हुने गरी मासिक १२ हजार घरभाडा कायम गरी घरभाडा सम्झौता गरी रकम भुक्तानी गर्न निर्देशन दिने ।

११. कोहलपुर नगरपालिकामा कृषि विकास कार्यक्रम अन्तर्गत मौरी प्रवर्द्धन कार्यक्रम, सिँचाई प्रवर्द्धन कार्यक्रम र यान्त्रिकीकरण कार्यक्रम अन्तर्गत सङ्घीय सशर्त अनुदानतर्फबाट बजेट विनियोजन गरिदिनका लागि सम्बन्धित मन्त्रालयमा रकम माग गरी पठाउने ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४०, २०७९-२०८४
मिति २०८०/१२/२२ को
निर्णय प्रमाणित ..............

१२. सङ्घीय आयोजना कार्यान्वयन ईकाइद्वारा कोहलपुर नगरपालिका क्षेत्रभित्र कार्यान्वयन् गरिने सङ्घीय शहरी विकास कार्यक्रम अन्तर्गत एकीकृत पूर्वाधार विकास कार्यका लागि आयआर्जन सम्बन्धी पूर्वाधार योजना (मिनि मार्केट) तर्फ राम माविको जग्गामा व्यवसायिक भवन निर्माण योजना कार्यान्वयनका लागि आवश्यक जग्गा उपलब्ध गराउन यस कार्यालयको च.नं १९८७ मिति २०८०/१२/०५ गतेको पत्र बमोजिम राम मावि विद्यालय व्यवस्थापन समितिको मिति २०८०/१२/०६ गतेको निर्णयानुसार राम माविको च.नं १६७ मिति २०८०/१२/०६ गतेको पत्रानुसार सिफारिश भई आएको जग्गा २५ वर्ष लिजमा लिने र सो जग्गामा बनेको संरचना बहालमा लगाउँदा प्राप्त हुन सक्ने रकमको ४० प्रतिशत रकम सम्बन्धित विद्यालयको पूर्वाधार विकास एवं व्यवस्थापनका लागि दिने सम्झौताका लागि निर्देशन दिने ।

१३. कोहलपुर नगर अस्पताल विकास तथा व्यवस्थापन समितिको मिति २०८०/१२/१९ गतेको तथा सिकलसेल एनिमिया सञ्चालन समितिको मिति २०८०/१२/२० गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

१४. यस कोहलपुर नगरपालिका अन्तर्गत भूमि सम्बन्धी जग्गा नापजाँचको कार्यमा खटिएका १३ नं वडा कार्यालयको २ जना चेनमेनहरुको ५२ दिनको र १५ नं. वडा कार्यालयको २ जनाको ११० दिनका दरले जम्मा २२० दिनको ज्याला भुक्तानी गर्ने ।

१५. कोहलपुर नगरपालिका वडा नं १४ स्थित नमूना बाल उद्यान पार्क निर्माण गर्ने सम्बन्धमा विनियोजित बजेट ५० लाख रहेकोमा हाल २५ लाख रुपैयाँको स्रोत मात्र फुकुवा भएको तथा नेपाल सरकारको निर्देशन समेतका आधारमा थप बजेट निकासा हुन सक्ने न्यून सम्भावना समेतलाई दृष्टिगत गरी हाल स्रोत फुकुवा भएको रकम रु २५ लाखबाट राम माविका नाममा रहेको जग्गामा उल्लेखित नमुना बाल उद्यान पार्क निर्माण गर्ने गरी आवश्यक प्रकृया अघि बढाउने । उल्लेखित योजना बोलपत्रका माध्यमबाट गर्न समय अभाव हुने अवस्था देखिएको कारण उपभोक्ता समितिबाट सञ्चालन गर्ने गरी निर्देशन दिने ।

१६. कोहलपुर नगरपालिका वडा नं ८ स्थित औराहा बाबा शिवशक्ति मन्दिर निर्माण कार्यका लागि विभिन्न वडाको अधुरो मन्दिरहरुको पुर्वाधार निर्माण शीर्षकबाट खर्च गर्ने गरी रु २ लाख उपलब्ध गराउने ।

१७. नेपाल राष्ट्रिय आधारभूत विद्यालय कोहलपुर १५ चन्नहवालाई खेलकुद मैदानमा माटो पटानका लागि भैपरी आउने पुँजिगत खर्चबाट विनियोजन हुने गरी रु २ लाख ५० हजार उपलब्ध गराउने ।

१८. चालु आ.ब. २०८०/०८१ को वडातर्फको सिलिङ्बाट छनौट गरिएका देहायका योजनाहरुको संशोधनका लागि वडा समितिबाट निर्णय भै आएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने।

**वडा नं. १ (वडा समितिको निर्णय बमोजिम)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|



धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्याः ४०, २०७९-२०८४
मिति २०८०/१२/२२ को
निर्णय प्रमाणित ................

| | | | | |
|---|---|---|---|---|
| १ | मर्मत संभार(विभिन्न बाटाहरु तथा अन्य) रु.३,००,००० (सि.नं. १९१) | वडामा रहेका पुराना समरसिवल धाराहरु मर्मत संभार | ५०,००० | २०८०/१२/१६ |
| | | वडाको विविध बाटोहरु मर्मत | २,५०,००० | |
| २ | वडा अध्यक्ष कप (सि.नं. १९१) | सामुदायिक भवन मर्मत संभार | ३,००,००० | २०८०/१२/१६ |
| ३ | वडा समिति तथा कर्मचारी अवलोकन भ्रमण (सि.नं. १८३) | वडाको विविध खर्च(सूचना संप्रेषण कार्यालयको आवश्यक सामाग्री खरिद तथा अन्य कार्यक्रम) | १,५०,००० | २०८०/१२/२० |

**वडा नं. ८ (वडा समितिको निर्णय बमोजिम)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| ३ | विविध तथा भैपरी आउने खर्च अन्तर्गत पोल व्यवस्थापन (सि.नं. ३१७) | वडा एप निर्माण | ५०,००० | २०८०/१२/२१ |

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत